बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

परिपत्र नं. ८ मिति : २०७५/१०/१७

आ.बि.शा.(बीमालेख) ८९(२०७५/७६) च.नं.३१५५

१. श्री राष्ट्रिय बीमा संस्थान
२. श्री नेशनल लाईफ इन्स्योरेन्स कं.लि.
३. श्री नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
४. श्री एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
५. श्री गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
६. श्री सुर्या लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
७. श्री प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
८.श्री आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
९. श्री युनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
१०. श्री ज्योती लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
११. श्री सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
१२. श्री रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड
१३. श्री रिलियाबल नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
१४. श्री सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
१५. श्री सानीमा लाइफ इन्स्योरेन्स लिमिटेड
१६. श्री प्रभु लाइफ इन्स्योरेन्स लिमिटेड
१७. श्री महालक्ष्मी लाईफ इन्स्योरेन्स लिमिटेड

Insurance Board-1992

विषय : निर्देशन बारे ।

जीवन बीमा व्यवसाय गर्ने बीमकहरुबाट प्राप्त कार्यविधि बमोजिम वैदेशिक रोजगार म्यादी जीवन बीमालाई व्यवस्थित रुपमा संचालन गर्नका लागि देहाय बमोजिमको थप शर्तहरुको अधिनमा रही गर्नु/गराउनु हुन निर्णयानुसार जानकारी गारइन्छ ।

**तपसिल :**

१. पुलको संचालन/बीमालेख जारी गर्ने कार्य निम्न बमोजिमका ४ वटा बीमकहरुलाई तोक्ने
   (क) नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड
   (ख) सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
   (ग) युनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
   (घ) रिलायबल नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
२. पुल संचालनको हिसाव किताव बाँडफाँड पुलको आम्दानी तथा खर्च आदिको हकमा समितिको रोहवरमा जीवन बीमा कम्पनीहरुले गठन भएको "बैदेशिक रोजगार म्यादी जीवन बीमालेख Pool System बाट जारी गर्ने सम्बन्धी कार्यविधि" बमोजिम हुने ।
३. उपरोक्त अनुसारको ४ बीमकहरु मध्येबाट एक बीमकको प्रतिनिधिलाई फोकल व्यक्तिको रुपमा बीमकहरुले छनौट गर्ने र उक्त फोकल व्यक्तिले पुलको व्यवस्थापन गर्ने ।
४. पुलको संचालन/बीमालेख जारी गर्ने कार्यको लागि एक (१) वर्ष पश्चात अन्य बीमकको छनौट हुने ।

**संलग्न** :

१. बैदेशिक रोजगार म्यादी जीवन बीमालेख Pool System बाट जारी गर्ने सम्बन्धी कार्यविधि पाना -२
२. अनुपात विवरण पाना -१

(राजु रमण पौडेल)
नि.कार्यकारी निर्देशक

पो.ब.नं. २१७२, कुपण्डोल-१०, ललितपुर, नेपाल, फोन: ०१-५५२१०७९, ५५३८७४३, फ्याक्स: ०१-५५२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९
P.O. Box No.: 2172, Kupandole-10, Lalitpur, Nepal, Phone: 01-5521079, 5538743, Fax: 01-5520119, Toll Free No.: 1660-01-56789
URL: www.bsib.org.np, E-mail: bsib@wlink.com.np, info@bsib.org.np

# बैदेशिक रोजगार (म्यादी) जीवन बीमालेख **Pool System** बाट जारी गर्ने सम्बन्धि कार्यविधि

हाल धेरैजसो जीवन बीमा कम्पनीहरुले वैदेशिक रोजगार (म्यादी) जीवन बीमालेख जारी गर्ने कार्य गरिआएकोमा नियामक निकाय श्री बीमा समितिको मिति २०७५।०९।३० को परिपत्र बमोजिम वैदेशिक रोजगार (म्यादी) जीवन बीमालेख २०७५।१०।०१ बाट लाग हुने गरि Pool System बाट गर्ने र सोको सञ्चालनको लागि आवश्यक कार्यविधि तयार गर्ने भन्ने बमोजिम निम्नलिखित बुंदाहरु रहने गरि यो वैदेशिक रोजगार (म्यादी) जीवन बीमालेख जारी गर्ने सम्बन्धि कार्यविधि तयार पारि लागू गरिएको छ ।
सञ्चालन कार्यविधि :

१. हाल सञ्चालनमा रहेका १९ जीवन बीमा कम्पनीहरु मध्ये १८ वटा जीवन बीमा कम्पनीहरुलाई वैदेशिक रोजगार (म्यादी) जीवन बीमालेख जारी गरि प्राप्त हुने बीमाशल्क र भक्तानी गर्नपर्ने खर्च शिर्षकहरुको अनुपात श्री बीमा समितिबाट कायम भइआएकोमा (यसै कार्यविधिसाथ संलग्न) आवश्यकतानुसार तोकिएका जीवन बिमा कम्पनीहरुले वैदेशिक रोजगार (म्यादी) जीवन बीमालेख जारी गर्ने कार्य गर्न आवश्यक सहमती गर्ने ।

२. बिमालेख जारी गर्दा बिमा समितिले उल्लेखित बीमालेख सम्बन्धमा दिइएका निर्देशन/परिपत्र बमोजिम निर्धारित सम्पूर्ण कागजातहरु अनिवार्य रुपमा संलग्न हुनुपर्ने ।

३. शुरुका चरणमा बिमालेख जारी गर्दा बुंदा नं. १ मा उल्लेख भएबमोजिम Pool मा संलग्न सबै जीवन बीमा कम्पनीहरुको संलग्नता रहेको स्पष्ट देखिने विवरण / छाप (Policy issued on behalf of all the companies participating in the Pool) प्रयोग गरिनेछ ।

४. जारी गरिने बीमालेख, प्रस्ताव फाराम, प्रयोग गरिने छापको एकरुपताको लागि आवश्यक कार्य गरि यथासक्य छिटो उपयुक्त व्यवस्था गरिनेछ ।

५. सहभागी कम्पनीहरुले एउटा छुट्टै बैंक खाता यस सम्बन्धि कारोवारको लागी संचालन गर्नु पर्ने छ ।

६. वैदेशिक रोजगार (म्यादी) जीवन बीमालेख जारी गरि प्राप्त हुने बीमाशुल्क रकम दैनिक रुपमा श्री बीमा समितिले निर्धारण गरिदिएको अनुपातमा बांडफांड गरि सम्बन्धित कम्पनीले उपलब्ध गराएको बैंक खातामा साप्ताहिक रुपमा (प्रत्येक शुक्रवार) जम्मा गरिनेछ ।

७. Pool मार्फत प्राप्त हुने दैनिक जारी गरिएको वैदेशिक रोजगार (म्यादी) जीवन बीमालेख विवरण Pool मा सहभागी जीवन बीमा कम्पनीहरु, वैदेशिक रोजगार विभाग र विमा समितिलाई ईमेल मार्फत जानकारी गराइनेछ ।

८. वैदेशिक रोजगार (म्यादी) जीवन बीमालेख जारी गर्नका लागि तय गरिएको स्थान (कार्यालय) मा कुनै पनि कम्पनीको नाम तथा कामको बारेमा ब्राण्डिङ्ग नगरि मात्र वैदेशिक रोजगार (म्यादी) जीवन बीमालेख को लागि यहां सम्पर्क राख्नहोला भन्ने बोर्ड राखिनेछ । आवश्यकता महशुस भएमा सहभागी सम्पूर्ण कम्पनीहरुको नाम रहने गरि Flex Board राखिनेछ ।

९. नगद वा रकम बैंकमा जम्मा नभए सम्म वैदेशिक रोजगार (म्यादी) जीवन बिमालेख जारी गरिने छैन ।

१०. एकपटक जारी गरिएको वैदेशिक रोजगार (म्यादी) जीवन विमालेख रद्द गरिने छैन । विमालेख रद्द गर्नुपरेमा वैदेशिक रोजगार विभाग वा बीमा समितिबाट लिखित निर्देशन आवश्यक हुने ।

**कर्मचारी व्यवस्थापन :**

१. Pool अन्तर्गत काम गर्नको लागि सबै प्रदेशमा एक एक वटा उपयुक्त कार्यालय स्थापना गरिनेछ र सो प्रदेशको व्यवसायिक आकारलाई मध्यनजर गरि आवश्यक कर्मचारीको व्यवस्था गरिनेछ ।

२. Pool अन्तर्गत आवश्यक पर्ने कर्मचारीहरु सम्भव भएसम्म हाल विभिन्न कम्पनीमा कार्यरत कर्मचारीहरुबाट नै पूर्ति गरिनेछ । थप आवश्यक भएमा मात्र नयां नियुक्ती गरिनेछ ।

३. Pool अन्तर्गत काम गर्ने कर्मचारीहरुको तलव भत्ता सविधा सम्वन्धित कम्पनीबाट भक्तानी गरिनेछ र सोको सोधभर्ना Pool अन्तर्गत तोकिएको प्रतिशतको आधारमा गरिने छ।

**कार्यालय सञ्चालन खर्च :**

१. Pool अन्तर्गत हुने सम्पुर्ण कार्यालय सञ्चालन खर्चलाई सहभागी कम्पनिहरुको वीमाशुल्क प्राप्तीको अनुपातमा वांडफांड गरिनेछ । संचालन खर्च पुल संचालनमा सहभागी हुने कम्पनीहरुको दुई महिनाको वास्तविक खर्चको आधारमा तय गरिने छ ।

२. सहभागी कम्पनीहरुको सहमतिमा हाल वैदेशिक रोजगार (म्यादी) जीवन बीमालेख जारी गरिरहेका कम्पनीहरु मध्येको उपयुक्त स्थानमा रहेको कार्यालयलाई उपयोग गर्न सकिनेछ साथै कर्मचारी तथा अन्य आवश्यक कार्यालय सामाग्रिहरु समेत उचित मूल्यांकन गरि प्रयोगमा ल्याउन सकिनेछ । उल्लेखित व्यवस्था प्रत्येक प्रदेशमा लागू गर्न सकिनेछ ।

३. वैदेशिक रोजगार (म्यादी) जीवन बीमालेख सम्बन्धमा गर्नपर्ने विभिन्न मूल्याङ्कनहरु आवश्यकतानुसार त्रैमासिक, अर्धवार्षिक वा बार्षिक रुपमा Pool बाट गरिनेछ र सोको लागि लाग्ने खर्च सहभागी कम्पनीहरुले बीमाशुल्क प्राप्तीको अनुपातमा व्यहोनुपर्नेछ ।

**सफ्टवेयर सम्बन्धि :**

१. सहभागी जीवन विमा कम्पनीहरुले वैदेशिक रोजगार (म्यादी) जिवन बिमाको लागि प्रयोग गरिआएको सफ्टवेयर User friendly, सुरक्षित र विश्वसनियतालाई मध्यनजर गरि प्रयोगमा ल्याइनेछ ।

२. वैदेशिक रोजगार (म्यादी) जिवन विमा जारी गर्नका लागि तोकिएका जीवन विमा कम्पनीहरु भन्दा वाहेक अन्य कम्पनीहरुको User ID बन्द गर्नका लागि वैदेशिक रोजगार बिभागलाई आग्रह गरिनेछ ।

**पुनर्बीमा सम्बन्धि:**

१. बीमाशुल्क बांडफांड अनपातमा दावी भुक्तानीको अनुपात समेत सोहि बमोजिम हुने र प्रति दावी भक्तानीको लागि लगभग रु.१००,०००/-वा सो भन्दा कम पर्ने हुंदा पुनर्बीमा गरिरहनु नपर्ने ।

२. सहभागी कम्पनीहरुले आफ्नो जोखिमलाई न्युनिकरण गर्नका लागि आवश्यक महाविपत्ती लगायतको जोखिम बहनको लागि पुनर्बीमा गराउन सक्नेछन् ।

**अन्य :**

१. सहभागी कम्पनीबाट खटाइएको कर्मचारीले गरेको कार्यप्रति सोही कर्मचारी र सम्वन्धित कम्पनी जिम्मेवार हुनुपर्नेछ । एउटा कम्पनीको कर्मचारी कुनै दिन उपस्थित हुन नसकेमा सोको प्रतिस्थापन सम्वन्धित कम्पनीले सोही कम्पनीबाट यथासमयमै गराउनुपर्नेछ । साथै एकजनाको User ID अन्य कर्मचारीलाई दिन पाइने छैन र सो गरेमा सम्वन्धित कर्मचारी नै जिम्मेवार हुनेछ ।

Revised

# Company Wise Gross Premium

| S.N. | Name of Company | Gross Premium 2074.75 | Market Share % | Gross Premium 2075.76 Up to Mansir | Market Share % | Total Amount 17 month | Average Market Share | Proposed % |
|---|---|---|---|---|---|---|---|---|
| 1 | National Life Insurance Co.Ltd. | 613,481,836 | 22.89 | 153,214,145 | 16.79 | 766,695,981 | 21.34 | 19.00 |
| 2 | Nepal Life Insurance Co.Ltd. | 344,381,418 | 12.85 | 58,365,626 | 6.40 | 402,747,044 | 11.21 | 12.00 |
| 3 | Surya Life Insurance Co.Ltd. | 317,101,959 | 11.83 | 117,901,241 | 12.92 | 435,003,200 | 12.11 | 12.00 |
| 4 | Gurans Life Insurance Co.Ltd. | 57,735,486 | 2.15 | 26,457,650 | 2.90 | 84,193,136 | 2.34 | 2.00 |
| 5 | Prime Life Insurance Co.Ltd. | 459,872,676 | 17.16 | 151,268,946 | 16.58 | 611,141,622 | 17.01 | 15.00 |
| 6 | IME Life Insurance Co.Ltd. | 170,377,795 | 6.36 | 39,350,323 | 4.31 | 209,728,118 | 5.84 | 5.00 |
| 7 | Union Life Insurance Co.Ltd. | 268,990,728 | 10.04 | 140,664,597 | 15.42 | 409,655,325 | 11.40 | 11.00 |
| 8 | Reliance Life Insurance Co.Ltd. | 71,027 | 0.00 | | - | 71,027 | 0.00 | 1.00 |
| 9 | Reliable Nepal Life Insurance Co.Ltd. | 219,032,036 | 8.17 | 97,599,018 | 10.70 | 316,631,054 | 8.81 | 8.00 |
| 10 | Citizen Life Insurance Co.Ltd. | 224,436,000 | 8.37 | 91,402,000 | 10.02 | 315,838,000 | 8.79 | 8.00 |
| 11 | Sanima Life Insurance Co.Ltd. | 4,577,926 | 0.17 | 14,839,700 | 1.63 | 19,417,626 | 0.54 | 1.00 |
| 12 | Sun Nepal Life Company Ltd. | | | 21,230,308 | 2.33 | 21,230,308 | 0.59 | 1.00 |
| 13 | Rastriya Beem Sansthan | | | | | | | 1.00 |
| 14 | Asian Life Insurance Co.Ltd. | | | | | | | 1.00 |
| 15 | Jyoti Life Insurance Co.Ltd. | | | | | | | 1.00 |
| 16 | Prabhu Life Insurance Ltd. | | | | | | | 1.00 |
| 17 | Mahalaxmi Life Insurance Co.Ltd. | | | | | | | 1.00 |
| **Total** | | **2,680,058,887** | **100.00** | **912,293,554** | **100.00** | **3,592,352,441** | **100.00** | 100.00 |

बीमा समिति - Insurance Board-1992